**धनगढी उप–महानगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**प.सं. :-** २०७८/७९

**च.नं. :-**

**मिति :-** २०७८/०५/१७

## अन्तर्राष्ट्रिय साक्षरता दिवस, २०७८ को अवसरमा आयोजित खुला निबन्ध प्रतियोगितामा सम्बन्धी

## सूचना !

**निबन्धको शिर्षक:** विद्यालय शिक्षामा कोरोना महामारीको प्रभाव

**निबन्ध पठाउने ठेगाना:** कार्यालयको इमेल ठेगानाः- edudhangadi@gmail.com

**निबन्ध आइपुग्नुपर्ने समय:** मिति २०७८।०५।२३ गते कार्यालय समयभित्र

**प्रतियोगिता हुने तह/कक्षा:** माध्यमिक / कक्षा ९-१२

**निबन्ध पठाउँदा देहायका शर्तहरु पालना गर्नुपर्ने छः**

१. निबन्ध नेपाली भाषामा हुनुपर्ने छ ।

२. निबन्ध अधिकतम २५०० शब्द सम्मको लेखिएको हुनुपर्ने छ ।

३. निबन्ध A4 साइजको फर्म्याटमा हुनुपर्ने छ ।

४. निबन्ध नेपाली भाषामा लेख्दा प्रीति वा नेपाली युनिकोडको कालीमाटी फन्टमा लेखिएको हुनुपर्ने छ । प्रीति फन्टमा १४ र कालीमाटीमा १० फन्ट साइज हुनुपर्ने छ ।

५. निबन्धमा वस्तुपरक ढङ्गको मौलिक विचारको प्रस्तुति मान्य हुनेछ । तर, वैयक्तिक र संस्थागत आक्षेपयुक्त रचना मान्य हुने छैन ।

६. निबन्ध अन्यन्त्र प्रकाशित नभएको र मौलिक हुनु पर्नेछ । यस सम्बन्धी स्वःघोषणा निबन्धसाथ गरेको हुनुपर्ने छ ।

७. तथ्य र तथ्याङ्कको स्रोत आधिकारिक, यथार्थपरक र अध्यावधिक हुनुपर्ने छ ।

८. निब्रन्धसाथ आफ्नो पासपोर्ट साइजको फोटो र वैयक्तिक विवरण संलग्न हुनुपर्ने छ ।

९. सहभागि हुने विद्यार्थी शैक्षिक सत्र २०७८ मा भर्ना भई सम्बन्धित विद्यालयको अध्यावधिक IEMIS विवरणमा ईन्ट्री भएको हुनुपर्ने छ । निबन्ध साथ प्रतियोगिको अध्ययनरत कक्षा र IEMIS Reg. ID नम्बर उल्लेख हुनुपर्ने छ ।

१०. निबन्ध पठाउँदा सम्बन्धित विद्यालयको आधिकारक ईमेलबाट पठाएको हुनुपर्ने छ ।

**मूल्याङ्कन प्रक्रिया:** मूल्याङ्कनका आधार र मूल्याङ्कन प्रक्रिया मूल्याङ्कन समितिले निर्धारण गरेबमोजिम हुने छ ।

**पुरस्कार तथा सम्मान सम्बन्धि व्यवस्था:**

- उत्कृष्ट चार वटा निबन्धहरुमध्ये क्रमश: प्रथमलाई रु. ५ हजार, दोस्रोलाई रु. ४ हजार, तेस्रोलाई रु. ३ हजार, चौथोलाई सान्त्वना रु. २ हजारका दरले पुरस्कार प्रदान गरिनेछ
- निबन्ध प्रतियोगितामा पुरस्कृत हुने चारवटा विद्यालयलाई सम्मान पत्रद्वारा सम्मान गरिने छ ।

**पुनश्च:** यस सम्बन्धी विस्तृत जानकारीका लागि शिक्षा, युवा तथा खेलकुद महाशाखाको फोन नं. ०९१-५२६७२९ वा महाशाखाका प्राविधिक सहायक श्री भोज बहादुर बोहराको मोवाइल नं. ९८६४९७३०८३ मा सम्पर्क गर्न सकिने छ ।

हरि बहादुर चन्द
प्रमुख प्रशासकिय अधिकृत

हरि बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत